नेपाल सरकार

**महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय**

बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

मिति: २०८३ भदौ ३१ गते / 16 September 2026

**१. भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि पूर्वाधार व्यवस्थापन**

भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि निर्माण भइरहेको अस्थायी संरक्षण केन्द्रमा दुईवटा स्थायी तथा एकवटा अस्थायी शौचालय निर्माण भई सञ्चालनमा आएको छ। यसका साथै पोलिफाइबरको काम सम्पन्न भएको छ भने टायल जडान कार्य करिब ९० प्रतिशत पूरा भएको छ। एक जना बालक आमा र काकासहित केन्द्रमा आश्रयमा रहेका छन्। विभिन्न संस्थाहरूसँगको समन्वयमा केन्द्रमा एक जना मनोसामाजिक परामर्शदाता, एक जना हेरचाहकर्ता र एक जना खाना पकाउने कर्मचारीको व्यवस्थापन गरिएको छ।

**२. विपद् प्रभावित ज्येष्ठ नागरिकको संरक्षण**

क) आज प्राप्त विवरण अनुसार अस्थायी आश्रयस्थलमा बसोबास गरिरहेका बाढी प्रभावित ज्येष्ठ नागरिकहरूको विवरण देहायअनुसार रहेको छः

| क्र.स | आश्रयस्थल रहेको स्थान | ज्येष्ठ नागरिक | कैफियत |
|---|---|---|---|
| १ | गणेश आधारभुत विद्यालय, उत्तरगया-१ | 3 | जिल्ला प्रशासन कार्यालय रसुवाको मिति २०८३/५/३० को विवरण अनुसार |
| जम्मा | | ३ | |

**३. विपद् प्रभावित स्थानीय तहमा रहेका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार**

कालिका गाउपालिका वडा नं. २ निवासी बर्ष ३२ की लक्ष्मी थोक्रा र उत्तरगया गाउपालिका वडा ४ निवासी बर्ष ३६ की रंजिता बुलुनलाई जटिल प्रसुति समस्या सृजना भई स्थानीय

स्वास्थ्य संस्थामा उपचार हुन नसकी हवाई उद्दार गरी परोपकार प्रसुती अस्पताल, थापाथलीमा ल्याईएको छ।

**४. विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण**

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्ने मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र भाद्र १५ देखि ३० गतेसम्म १४६ वटा संस्थाको १४९ वटा नयाँ परियोजना (कुल बजेट रू १ अर्ब २७ करोड ७९ लाख ५७ हजार ५१७) स्वीकृति तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु १ अर्ब २८ करोड ७ लाख ५२ हजार २६७ बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

**५. विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन**

क) समाज कल्याण परिषद्बाट प्राप्त विवरण अनुसार हालसम्म ५९ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. ४२ करोड २८ लाख ८२ हजार ६३६ बराबरको राहत सामग्री सहयोग गरेका छन्। हालसम्म अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नगद रू. ४ करोड ६२ लाख १६ हजार २३६ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गरेका छन्।

ख) हालसम्म ४३ वटा राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. २० करोड ४८ लाख ८६ हजार ०६३ बराबरको सहयोग गरेका छन्। यसका साथै, राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हालसम्म नगद रू. ४ करोड २१ लाख ८५ हजार ३७३ प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ।